# राजदेवी नगरपालिका
# Rajdevi Municipality
# नगर कार्यपालिकाको कार्यालय
# Office of the Municipal Executive

राजदेवी, रौतहट
Rajdevi, Rautahat

मधेश प्रदेश, नेपाल
Madhesh Province, Nepal

पत्र संख्या :- २०८१/०८२

चलानी नं.

मितिः- २०८१।०४।३०
ने.सं.११४४ गुंलाथ्व, ९ बुधवार

## आन्तरिक आय ठेक्कासम्बन्धी शिलबन्दी वोलपत्र आह्वान सम्बन्धी सूचना ।

(प्रथम पटक प्रकाशीत भएको मिति २०८१/०४/३०)

यस कार्यालयबाट आर्थिक वर्ष २०८१।०८२ कोलागी स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६१ बमोजिम निम्न अनुसारको आन्तरीक आय ठेक्का वन्दोवस्त गर्नु पर्ने भएकोले तपशिलमा उल्लेखित ठेक्का विवरण शर्तहरूको अधिनमा रही नेपाली नागरिकताको प्रतिलिपी सहित इच्छुक फर्म वा व्यक्तिहरूले यस नगरपालिकाको कार्यालयबाट निर्धारित समयावधि भित्र तपशिल अनुसार बोलपत्र दस्तुर नेपाल बैंक लिमिटेड राजदेवी शाखा वसतपुरको आन्तरिक राजश्व खाता नं. २६२०३००००१००१००००१ मा जम्मा गरेको बैंक भौचर वा नगद (पछि फिर्ता नहुने) पेश गरि दरभाउ पत्र फारम खरिद गरी रीतपूर्वकको गोप्य शिलवन्दी दरभाउ पत्र पेश गर्न सम्वन्धित सबैको जानकारीको लागी १५ (पन्द्रह) दिने यो सर्वजनिक सुचना प्रकाशन गरिएको छ ।

तपशिल

| ठेक्का नम्वर | ठेक्का विवरण | न्युन्तम कवोल अंक( मु.अ.कर वाहेक) | वोलपत्र फारम दस्तुर रू | धरौटी रकम रू. |
|---|---|---|---|---|
| १. | वागमती नदीको भारतिय सिमाना देखि कटरवन पायल रामजस साहको जग्गामा रहेको स्पर सम्मको माछा ठेक्का । | १,६०,०००।- | १०००।- | कवोल अंकको ५% |
| २. | वागमती नदीका कटरवन पायल रामजस साहको जग्गामा रहेको स्पर देखि अर्जित राउतको घर/जग्गा सम्मको माछा ठेक्का । | २,१०,०००।- | १०००।- | " |
| ३. | वागमती नदीका अर्जित राउतको घर/जग्गा देखि वडहर्वा प्रवेश द्वार नजिक दक्षिण रहेको ८ नं. स्पर सम्मको माछा ठेक्का । | ३,००,०००।- | १०००।- | " |
| ४. | कटरवन घाटमा डुङ्गा सेवा | ५०,०००।- | १०००।- | " |

(२) ढुंगा घाटको कर दस्तुर संकलनको दर रेट :

| क्र.सं. | विवरण | इकाई /प्रति | कर रकम रू. |
|---|---|---|---|

प्रलव कायस्थ
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| १. | व्यक्ति | प्रति | १०।- |
| २ | साईकल | प्रति | १०।- |
| ३ | मोटरसाईकल/स्कुटर | प्रति | ५०।- |
| ४ | चार पांग्रे सवारी (खाली) | प्रति | २००।- |

राजदेवी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
राजदेवी, रौतहट
मधेश प्रदेश, नेपाल

**शर्त तथा बन्देज :**

१. माछा ठेक्को हकमा अवधि २०८१ सम्झौता मिति देखी २०८२ असाढ मसान्त सम्म मात्र (१ वर्षको लागी) हुनेछ । ढुंगा घाट ठेक्काको हकमा वहुवार्षिक हुने छ ।

२. ठेक्काको लागी बोलपत्र फारम यो सुचना प्रथम पटक प्रकाशित मितिले १५ (पन्द्रह) औं दिन (मिति २०८१।०५।१२ गते सम्म राजदेवी न.पा.बाट खरिद गर्न सकिने छ र यसरी खरिद भएका बोलपत्र १६ (सोरह) औं दिन (मिति २०८१।०५।१३ गते दिनको १२:०० वजे सम्म राजदेवी न.पा.को कार्यालय राजदेवी रौतहटमा शिलबन्दी दर्ता गर्न सकिने छ ।

३. दरभाउ पत्र फारम खरिद एवं दर्ता गर्ने अन्तिम दिन विदा पर्न गएमा कार्यालय खुलेको दिनलाई क्रमशः अन्तिम दिन मानिने छ ।

४. विभिन्न ठेक्काहरूको टेन्डर फाराममा उल्लेख भए अनुसार कबोल अंक ठेक्का नम्बर खुलाई अलग अलग रूपमा छुटा छुटै फाराममा छुटा छुटै खाममा ठेक्काको नाम उल्लेख गरि शिलबन्दी गरि पेश गनुपर्ने छ ।

५. शिलबन्दी बोलपत्र दखिला गर्दा कुनै किसिमको शर्त मान्य हुने छैन । बोलपत्र दाताले कबोल गरेको रकमको अंक र अक्षरमा स्पस्ट लेख्नु पर्ने छ अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेको लाई मान्यता दिईने छ ।

६. बोलपत्र दाताले बोलपत्र दर्ता गर्दा आफुले कबोल गरेको अंकको ५% ले हुन आउने रकम यस कार्यालयको नेपाल बैंक लिमिटेड शाखा राजदेवी स्थित २६२०३०००००३००००००००१ धरौटी खातामा जम्मा गरेको सक्कलै बैंक भौचर, नगद वा यस कार्यालयको नाममा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी भएको कम्तीमा ९० दिन म्याद भएको बैंक ग्यारेन्टी (विडवण्ड) बोलपत्र साथ पेश गर्नुपर्ने छ ।

७. दर्ता भएका शिलवन्दी बोलपत्र सोही दिन दिनको २:०० (दुई) वजे यस कार्यालयमा सम्वन्धित कार्यालयका प्रतिनिधीहरू र वोलपत्र दाताका प्रतिनिधिहरूको रोहवरमा खोलिने छ । साथै बोलपत्र खोल्ने समयमा बोलपत्र दाताको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न वाधा पर्ने छैन ।

८. वोलपत्र स्वीकृत भई सकेपछि सकार गरेको कुल रकमको हकमा ५०% नगद जम्मा गर्नु पर्ने र ५० % को हकमा नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त बैंकको कम्तीमा २०७९ असाढ महिना सम्मको म्याद भएको परफरमेन्स बौण्ड पेश गर्नु पर्ने छ । वोलपत्र दाताले कबोल गरेको सम्पुर्ण बुझाई सम्झौता गरेमा १०% सहुलियत स्वरूप छुट दिइनेछ ।

९. प्रचलित कानुन अनुसार ठेक्का वापत लाग्ने सम्पूर्ण कर दस्तुर ठेक्दार स्वंयमले ब्यहोर्नु पर्नेछ ।

१०. वोलपत्र फारम स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार यस कार्यालयमा निहित रहनेछ ।

११. ठेक्का स्विकृत भएको मितिले ७ दिन भित्र नियमानुसार बुझाउनु पर्ने रकम बुझाई सम्झौता गरि चलन पूर्जी लिई सक्नु पर्नेछ अन्यथा ठेक्का रद्ध गरि प्रचलित नियमानुसार हुनेछ ।

१२. ठेक्का सम्बन्धी कार्यालय तथा ठेक्कदार विच कुनै विवाद उत्पन्न भएमा राजदेवी नगरपालिकाको निर्णय अनुसार हुनेछ साथै राजदेवी नगरपालिकाले वेला वेलामा आवश्यक निर्देशन दिन सक्नेछ र उक्त निर्देशन पालना गर्नु सम्बन्धीत ठेक्दारको कर्तव्य हुनेछ ।

१३. यसमा उल्लेखीत शर्तहरू यसै बमोजीम उल्लेखित नभएको ब्यहोराको हकमा सार्वजनिक खरिद नियमावली अनुसार का साथै अन्य प्रचलित ऐन नियम अनुसार हुनेछ ।

प्रलव कायस्थ

Scanned with CamScanner